// स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ८) भिमाद मंसिर १७ गते, २०८१ साल (संख्या १०)

## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

भिमाद नगरपालिकाको **अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७** लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले नगर कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " भिमाद **नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **मूल कार्यविधिको दफा २ को (झ) मा संशोधन**- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारहरुको अधिकार सम्बन्धी ऐन, २०७४ संशोधन सहित भन्ने ठाउँमा यस कार्यविधिकोको दफा ४क बमोजिम भन्ने राखिएको छ।

३. **मूल कार्यविधिको दफा ४ मा संशोधन**- मूल कार्यविधिको दफा ४ पश्चात देहायका दफा ४ क र ४ ख दफा थप गरिएको छ।

४क. **स्थानीय समन्वय समिति**- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि भिमाद नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :-

(क) नगरपालिका उपप्रमुख -संयोजक

(ख) नगरपालिकाको कार्यपालिकाको महिला सदस्य मध्ये बाट नगरकार्यपालिकले तोकेको महिला सदस्य -सदस्य

(ग) नगरपालिका भित्रका माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर प्रमुखले तोकेको व्यक्ति सदस्य

(घ) प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख - सदस्य

(ङ) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट नगर कार्यपालिकाको प्रमुखले मनोनयन गरेको संस्थाको प्रतिनिधि - सदस्य

(च) ईलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य

(छ) नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सहित तीन जना - सदस्य

(झ) महिला तथा बालबालिका शाखाको प्रमुख - सदस्य सचिब

४ख. **समन्वय समितिको काम कर्तव्य अधिकार**- समन्वय समितिको काम कर्तव्य र अधिकारको देहाय बमोजिम हुनेछ ।

(क) अपाङगता भएका व्यक्तिको हक हित तथा संरक्षणको विषयमा नगरपालिका क्षेत्रभित्र काम गर्ने विभिन्न निकाय संघ वा संस्था सँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो कार्य सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने,

(ख) अपाङ्गता वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको निवेदन उपर जाँचबुझ गरि परिचय पत्र उपलब्ध गराउन सिफारिस गर्ने,
(ग) नगरपालिका क्षेत्रभित्र अस्पताल विद्यालय वा लगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँच सहज गराउन अपाङ्गता मैत्री संरचना विकास वा निर्माण गर्ने गराउने,
(घ) नगरपालिका क्षेत्र भित्र अपाङ्गता भएका व्यक्तिको अभिलेख सङ्कलन तथा अद्यावधिक गर्ने गराउने,
(ङ) अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा नगरपालिका क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गर्ने गराउने,
(च) समन्वय समितिले अपाङ्गता परिचय पत्र वितरणका सम्बन्धमा ऐन बमोजिम परिचय पत्र सम्बन्धी कानुनी संरचनागत तथा अन्य सुधार गुर्नुपर्ने विषयमा आवश्यकता अनुसार प्रदेशको सामाजिक विकास मन्त्रालय महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय लगायत सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ ।
(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने

आज्ञाले

प्रमाणिकरण मितिः २०८१/०८/१७

कमल प्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ४०